**10-03-2020 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन**

**" मीठे बच्चे– पदको आधार हो पढाइ , जो पुराना भक्त छन् उनीहरूले राम्ररी पढ्छन् र पद पनि राम्रो पाउँछन्।"**

**प्रश्नः–** जो बाबाको यादमा रहन्छन्, उनीहरूको निशानी के हुन्छ?

**उत्तरः–** यादमा रहनेहरूमा राम्रो गुण हुन्छ। उनीहरू पवित्र हुँदै जान्छन्। रोयल्टी आउँदै जान्छ। आपसमा मिलेर (क्षीरखण्ड भएर) रहन्छन्, अरूलाई नहेरेर स्वयंलाई हेर्छन्। उनीहरूको बुद्धिमा रहन्छ– जसले गर्छ उसले पाउँछ।

**ओम् शान्ति।** बच्चाहरूलाई सम्झाइएको छ– यो जुन आदि सनातन देवी-देवता धर्म छ, त्यसको शास्त्र हो गीता। यो गीता कसले गायन गर्यो, यो कसैले जानेका छैनन्। यो ज्ञानको कुरा हो। बाँकी यो फागु (होली) आदि कुनै हाम्रो पर्व होइन, यी सबै हुन् भक्तिमार्गका चाडपर्व। चाडपर्व हो भने केवल एक त्रिमूर्ति शिवजयन्ती। पुग्यो। केवल शिवजयन्ती मात्र कहिल्यै पनि भन्नु छैन। त्रिमूर्ति अक्षर नराख्नाले मनुष्यहरूले बुझ्दैनन्। जसरी त्रिमूर्तिको चित्र छ, तल लेखिएको होस्– दैवी स्वराज्य तपाईंको जन्म सिद्ध अधिकार हो। शिव भगवान पिता पनि हुनुहुन्छ नि। अवश्य आउनु हुन्छ, आएर स्वर्गको मालिक बनाउनु हुन्छ। स्वर्गको मालिक बनेका हुन् नै राजयोग सिक्नाले। चित्रहरूमा त धेरै ज्ञान छ। चित्रहरू यस्तो बनाउनु छ जुन मनुष्यहरूले देखेर आश्चर्य मानून्। त्यो पनि जसले धेरै भक्ति गरेका होलान्, उनीहरूले नै धेरै राम्रोसँग ज्ञान लिन्छन्। थोरै भक्ति गर्नेहरूले ज्ञान पनि थोरै लिन्छन् भने पद पनि सानो पाउँछन्। दास-दासीहरूमा पनि नम्बरवार हुन्छन् नि। सारा कुरा पढाइमा आधारित छ। तिमीहरूमा थोरै कम छन् जसले राम्रोसँग युक्तिले कुरा गर्न सक्छन्। राम्रो बच्चाहरूको क्रियाकलाप पनि राम्रो हुन्छ। गुण पनि सुन्दर हुनुपर्छ। जति बाबाको यादमा रहन्छन्, पवित्र हुँदै जान्छन् र रोयल्टी पनि आउँदै जान्छ। कहीं-कहीं त शूद्रहरूको चलन धेरै राम्रो हुन्छ र यहाँ ब्राहमण बच्चाहरूको चलन यस्तो छ, कुरै नसोध। त्यसैले तिनीहरूले पनि भन्छन् के यिनीहरूलाई ईश्वरले पढाउनु हुन्छ! त्यसैले बच्चाहरूको यस्तो चलन हुनु हुँदैन। धेरै मीठो क्षीरखण्ड हुनुपर्छ, जसले गर्छन् उनीहरूले पाउँछन्। गरेनन् भने पाउने छैनन्। बाबाले त राम्रोसँग सम्झाइरहनुहुन्छ। पहिला-पहिला त बेहदका बाबाको परिचय दिदै गर। त्रिमूर्तिको चित्र त धेरै राम्रो छ– स्वर्ग र नर्क पनि दुवैतर्फ छ। गोला (सृष्टि चक्र) मा स्पष्ट छ। कुनै पनि धर्मकालाई यस गोला वा वृक्षमा सम्झाउन सक्छौ– यस हिसाबले तिमी स्वर्ग नयाँ दुनियाँमा त आउन सक्दैनौ। जुन सबैभन्दा उच्च धर्म थियो, सबैभन्दा धनवान थियो, त्यही सबैभन्दा गरिब बनेको छ, जो सुरु सुरुमा थिए, संख्या पनि उनीहरूको धेरै हुनु पर्ने हो तर यिनीहरू अरू धेरै धर्ममा परिवर्तन भएका छन्। आफ्नो धर्मलाई नजानेका हुनाले अरू धर्ममा गएका छन् अथवा हिन्दु धर्म भनिदिन्छन्। आफ्नो धर्मलाई पनि जानेका छैनन्। ईश्वरलाई धेरै पुकार्छन् शान्ति देवा, तर शान्तिको अर्थ बुझ्दैनन्। एक-अर्कालाई शान्ति पुरस्कार दिइरहन्छन्। यहाँ तिमी विश्वमा शान्ति स्थापन गर्ने निमित्त बनेका बच्चाहरूलाई बाबा विश्वको राजाई पुरस्कारमा (प्राइज) दिनुहुन्छ। यो इनाम पनि नम्बरवार पुरुषार्थ अनुसार मिल्छ। दिनेवाला हुनुहुन्छ भगवान पिता। इनाम कति ठूलो छ– सूर्यवंशी विश्वको राजाई! अहिले तिमी बच्चाहरूको बुद्धिमा सारा विश्वको इतिहास-भूगोल, वर्ण आदि सबै छ। विश्वको राजाई लिनु छ भने केही मेहनत पनि गर्नुपर्छ। प्वाइन्ट त धेरै सहज छन्। टिचरले जुन काम दिनुहुन्छ त्यो गरेर देखाउनु पर्छ अनि बाबाले हेर्नुहुन्छ– कसमा पूरा ज्ञान छ। कति बच्चाहरूले त मुरलीमा पनि ध्यान दिदैनन्। दैनिक मुरली पढ्दैनन्। जसले मुरली पढ्दैनन् उनीहरूले कसको के कल्याण गर्छन् होला! धेरै बच्चाहरू छन् जसले केही पनि कल्याण गर्दैनन्। न आफ्नो, न अरूको गर्छन् त्यसैले घोडसवार, प्यादा भनिन्छ। केही थोरै महारथी छन्, स्वयं पनि थाहा पाउन सक्छन्– को-को महारथी छन्। भन्छन्– बाबा गुल्जारलाई, कुमारकालाई, मनोहरलाई पठाइदिनुहोस्... किनकि स्वयं घोडसवार हुन्। उनीहरू महारथी हुन्। बाबा त सबै बच्चाहरूलाई राम्रोसँग जान्नुहुन्छ। कसैमाथि ग्रहचारी (ग्रहदशा) पनि बस्छ। कहिले फेरि राम्रा-राम्रा बच्चाहरूलाई पनि मायाको तुफान आउनाले बेतालको बन्न जान्छन्। ज्ञानतर्फ ध्यान नै जाँदैन। बाबालाई हरेकको सेवाबाट थाहा त लाग्छ नि। सेवा गर्नेहरूले आफ्नो पूरा समाचार बाबालाई दिइरहन्छन्।

तिमी बच्चाहरूलाई थाहा छ– गीताका भगवानले हामीलाई विश्वको मालिक बनाइरहनु भएको छ। धेरै छन् जसले त्यो गीता पनि कण्ठ गर्छन्, हजारौं रूपैयाँ कमाउँछन्। तिमी हौ ब्राहमण सम्प्रदाय जो फेरि दैवी सम्प्रदाय बन्छौ।

ईश्वरको सन्तान पनि सबैले आफूलाई भन्छन्, फेरि भन्छन्– हामी सबै ईश्वर हौं, जसलाई जे आउँछ त्यो बोलिरहन्छन्। भक्तिमार्गमा मनुष्यहरूको हालत कस्तो भएको छ। यो दुनियाँ नै आइरन एजेड (तमोप्रधान) पतित छ। यस चित्रबाट धेरै राम्रोसँग सम्झाउन सक्छौ। साथमा दैवी गुण पनि चाहिन्छ। भित्र-बाहिर सच्चाई हुनुपर्छ। आत्मा नै झुटो बनेको छ त्यसलाई फेरि सच्चा बाबाले सच्चा बनाउनु हुन्छ। बाबा नै आएर स्वर्गको मालिक बनाउनु हुन्छ। दैवी गुण पनि धारण गराउनु हुन्छ। तिमी बच्चाहरूलाई थाहा छ– हामी यस्ता (लक्ष्मी-नारायण) गुणवान बनिरहेका छौं। आफ्नो जाँच गरिराख– हामीमा कुनै आसुरी गुण त छैन? चल्दा-चल्दै मायाको थप्पड यस्तो लाग्छ बेहोस भएर ढल्छन्।

तिम्रो लागि यो ज्ञान र विज्ञानको होली-धुरिया (ज्ञान होलीबाट रंगिनु) हो। ती मानिसहरू पनि होली र धुरिया मनाउँछन् तर त्यसको अर्थ के हो, यो पनि कसैले जानेका छैनन्। वास्तवमा यो ज्ञान र विज्ञान हो, जसबाट तिमी आफूलाई धेरै उच्च बनाउँछौ। उनीहरू त के-के गर्छन्, धुलो हाल्छन् किनकि यो हो रौरव नर्क। नयाँ दुनियाँको स्थापना र पुरानो दुनियाँको विनाशको कर्तव्य चलिरहेको छ। तिमी ईश्वरीय सन्तानहरूलाई पनि मायाले एकदम यस्तो मुक्का हान्छ जसले गर्दा जोडले दलदलमा गिर्न पुग्छन्। फेरि त्यसबाट निस्कन धेरै मुश्किल हुन्छ, यसमा फेरि आशीर्वाद आदिको कुनै कुरा रहँदैन। फेरि यसतर्फ मुश्किलले चढ्न सक्छन् त्यसैले धेरै खबरदारी चाहिन्छ। मायाको आक्रमणबाट बच्नु छ भने कहिल्यै देह-अभिमानमा नफँस। सधैं खबरदार, सबै भाइ-बहिनी हुन्। बाबाले जे सिकाउनु भएको छ त्यही बहिनीहरूले सिकाउँछन्। बलिहारी बाबाको हो नकि बहिनीहरूको। ब्रह्माको पनि बलिहारी होइन। यिनले पनि पुरुषार्थबाट सिकेका हुन्। पुरुषार्थ राम्रो गरेका छन् अर्थात् आफ्नो कल्याण गरेका छन्। मलाई पनि सिकाउनु हुन्छ त्यसैले हामी आफ्नो कल्याण गरौं।

आज होली हो, अब होलीको ज्ञान पनि सुनाइरहनु हुन्छ। ज्ञान र विज्ञान। पढाइलाई ज्ञान भनिन्छ। विज्ञान के चीज हो, कसैलाई पनि थाहा छैन। विज्ञान हो ज्ञान भन्दा पनि पर। ज्ञान तिमीलाई यहाँ मिल्छ, जसबाट तिमी प्रारब्ध पाउँछौ। बाँकी त्यो हो शान्तिधाम। यहाँ पार्ट बजाएर थाक्छौ अनि फेरि शान्तिमा जान चाहन्छौ। अहिले तिम्रो बुद्धिमा यो चक्रको ज्ञान छ। अब हामी स्वर्गमा जान्छौं फेरि ८४ जन्म लिँदै नर्कमा आउँछौं। फेरि त्यही हालत हुन्छ, यो चल्दै रहन्छ। यसबाट कोही छुट्न सक्दैन। कोही भन्छन्– यो ड्रामा बन्यो नै किन? अरे, यो त नयाँ दुनियाँ र पुरानो दुनियाँको खेल हो। अनादि बनेको छ। वृक्षमा सम्झाउनु धेरै राम्रो छ। सबैभन्दा पहिलो मुख्य कुरा हो– बाबालाई याद गर्यौ भने पावन बन्छौ। पछि गएर थाहा हुँदै जान्छ– को-को यस कुलका हुन् जो अरू धर्ममा परिवर्तन (कनभर्ट) भएका छन्, तिनीहरू पनि आउँदै जान्छन्। जब सबै आउने छन् अनि मनुष्यहरूले आश्चर्य मान्छन्। सबैलाई यही भन्नु छ– देह-अभिमान छोडेर देही-अभिमानी बनौं। तिम्रो लागि पढाइ नै ठूलो चाड हो, जसबाट तिम्रो कति कमाई हुन्छ। उनीहरू त यी चाडपर्वहरू मनाउनमा कति पैसा आदि बर्बाद गर्छन्, कति झगडा आदि हुन्छ। पंचायती राज्यमा कति झगडा नै झगडा छ, कसैलाई घुस दिएर पनि मार्ने कोसिस गर्छन्। यस्ता धेरै घटना भइ रहन्छ। बच्चाहरूले जानेका छन्– सत्ययुगमा कुनै उपद्रव हुँदैन। रावण राज्यमा धेरै उपद्रव छ। अहिले त तमोप्रधान छ नि। एक-अर्कामा मत नमिल्नाको कारण कति झगडा छ। त्यसैले बाबा सम्झाइरहनुहुन्छ यस पुरानो दुनियाँलाई भुलेर एक्लो बन, घरलाई याद गर। आफ्नो सुखधामलाई याद गर, कसैसँग धेरै कुरा पनि नगर, नत्र नोक्सान हुन्छ। धेरै मीठो, शान्त, प्रेमले बोल्नु राम्रो हो। धेरै नबोल्नु राम्रो हो। शान्तिमा रहनु सबैभन्दा राम्रो हो। तिमी बच्चाहरूले त शान्तिबाट विजय पाउँछौ। एक बाबा सिवाय अरू कसैसँग प्रीत लगाउनु छैन। जति बाबासँग सम्पत्ति लिन चाहन्छौ त्यत्ति लेऊ। लौकिक पिताको सम्पत्तिमा कति झगडा हुन्छ। यसमा कुनै द्वन्द्व छैन। जति चाहन्छौ त्यत्ति आफ्नो पढाइबाट लिन सक्छौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) सच्चा बाबा सच्चा बनाउन आउनु भएको छ, त्यसैले सच्चाइले चल्नु छ। आफ्नो जाँच गर्नु छ– ममा कुनै आसुरी गुण त छैन? म धेरै कुरा त गर्दिनँ? धेरै मीठो बनेर शान्ति र प्रेमले कुरा गर्नु छ।

२) मुरलीमा पूरा ध्यान दिनु छ। दैनिक मुरली पढ्नु छ। आफ्नो र अरूको कल्याण गर्नु छ। टिचरले जुन काम दिनुहुन्छ त्यो गरेर देखाउनु छ।

**वरदानः–** अविनाशी रुहानी रंगको सच्चा होलीद्वारा बाबा समान स्थितिको अनुभवी भव
तिमी परमात्म रंगमा रंगिएका आत्माहरू हौ। संगमयुग होली जीवनको युग हो। जब अविनाशी रुहानी रंग लाग्छ अनि सदाकालको लागि बाबा समान बन्ने छौ। त्यसैले तिम्रो होली हो सङ्गको रंगद्वारा बाबा समान बन्नु। यस्तो पक्का रंग होस्, जसले अरूलाई पनि समान बनाइदेओस्। हर आत्मामा अविनाशी ज्ञानको रंग, यादको रंग, अनेक शक्तिहरूको रंग, गुणहरूको रंग, श्रेष्ठ वृत्ति दृष्टि, शुभ भावना, शुभ कामनाको रूहानी रंग चढाऊ।

**स्लोगनः–** दृष्टिलाई अलौकिक, मनलाई शीतल, बुद्धिलाई रहमदिल र मुखलाई मधुर बनाऊ।

**मातेश्वरीजी को अनमोल महावाक्य :–**

**गुप्त बा ँधेली गोपिकाहरूको गायन**

**गीतः –** बिन देखे प्यार करूँ, घर बैठे याद करूँ...।

अब यो गीत कुनै बाँधेली मस्त गोपिकाले गाएको हो, यो हो कल्प-कल्पवाला विचित्र खेल। देखे बिना प्यार गर्छन्, दुनियाँ बिचाराले के जानून्! कल्प पहिलाको पार्ट हुबहु दोहोरिइरहेको छ। हुन त त्यस गोपिनीले घरबार छोडेकी थिइनन् तर यादमा कर्मबन्धन चुक्ता गरिरहेकी छन्, त्यसैले यो कति खुशीमा झुम्दै-झुम्दै मस्तीमा गाइरहेकी छन्। वास्तवमा घर छोड्ने कुरा होइन। घर बसेर देखे बिना त्यस सुखमा रहेर सेवा गर्नु छ। कुनचाहिं सेवा गर्नु छ? पवित्र बनेर पवित्र बनाउने तिमीलाई तेस्रो नेत्र अहिले मिलेको छ। आदि देखि लिएर अन्त्यसम्म बीज र वृक्षको रहस्य तिम्रो नजरमा छ। त्यसैले बलिहारी यस जीवनको हो, यस ज्ञानद्वारा २१ जन्मको लागि सौभाग्य बनाइरहेका छौ, यसमा यदि कुनै पनि लोक-लाज विकारी कुलको मर्यादा छ भने उसले सर्विस गर्न सक्दैन, यो हो आफ्नो कमी। धेरैलाई विचार आउँछ– यी ब्रह्माकुमारी घर भाँड्न आएका छन् तर यसमा घर भाँड्ने कुरा छैन, घर बसेर पवित्र रहनु छ र सेवा गर्नु छ, यसमा कुनै कठिनाई छैन। पवित्र बन्ने छौ तब पवित्र दुनियाँमा जाने अधिकारी बन्छौ। बाँकी जो चल्न सक्दैनन्, तिनीहरूले त कल्प पहिलाको शत्रुताको पार्ट बजाउँछन्, यसमा कसैको दोष छैन। जसरी हामीले परमात्माको कार्यलाई जान्दछौं, त्यसैगरी ड्रामामा हरेकको पार्टलाई पनि जानेका छौं। त्यसैले यसमा घृणा आउन सक्दैन। यस्ता तीव्र पुरुषार्थी गोपीनीहरू रेस गरेर विजयमालामा पनि आउन सक्छन्। अच्छा! ओम् शान्ति।